**EUROPEAN UNION**
**ELECTION OBSERVATION MISSION - NEPAL 2013**
**CONSTITUENT ASSEMBLY ELECTIONS**

#

**प्रेस विज्ञप्ति**

**ईयु प्रमुख पर्यवेक्षकद्वारा समावेशी र शान्तिपूर्ण निर्वाचन प्रक्रियामा जोड**

काठमाडौं, १४ कात्तिक । युरोपियन युनियन निर्वाचन पर्यवेक्षण मिसन (ईयु ईओएम) नेपालकी प्रमुख पर्यवेक्षक इभा जोलीले समावेशी र हिंसामुक्त वातावरण आगामी संविधानसभा निर्वाचनलाई सफल र विश्वसनीय बनाउने आवश्यक तत्व रहेको बताउनुभएको छ । *"यो निर्वाचन नेपालको लोकतान्त्रिक विकासमा महत्वपूर्ण कदम हो । यो चुनौतीको सामना गर्न सबै सरोकारवालाहरू समावेशी र शान्तिपूर्ण निर्वाचन प्रक्रियामा संलग्न हुनु आवश्यक छ",* जोलीले भन्नुभयो ।

ईयु ईओएमकी प्रमुख पर्यवेक्षकले नेपालको आफ्नो तीन दिने भ्रमणका सन्दर्भमा उक्त कुरा बताउनुभएको हो । भ्रमणका क्रममा उहाँले नेपालका राष्ट्रपति, प्रमुख निर्वाचन आयुक्त, प्रधान न्यायाधीश तथा अन्तरिम चुनावी मन्त्रिपरिषद्का अध्यक्षका साथै राजनीतिक दलका नेता, सञ्चारमाध्यमका प्रतिनिधि तथा निर्वाचन प्रक्रियामा संलग्न अन्य सरोकारवालाहरूसँग परामर्श गर्नुभयो ।

*"भेटघाटका क्रममा संविधानसभाको निर्वाचन योजनाअनुसार गर्न सम्भावित सबै उपायहरू भइरहेको जानकारी मलाई दिइयो । राज्यअधिकारीहरूले मतदाताहरूलाई अवरोधबिना आफ्नो मतदान गर्न पाउने सुरक्षित वातावण प्रदान गर्न हरेक उपाय गरिएको आश्वासन मलाई दिएका छन् । अब हामी यस प्रक्रियाका सबै पक्षहरूलाई पर्यवेक्षण गर्ने तथा गहनताका साथ विश्लेषण गर्ने प्रक्रियामा छौं र निर्वाचन सम्पन्न भएको ४८ घण्टापछि हामी प्रारम्भिक वक्तव्य जारी गर्नेछौं,"* इभा जोलीले भन्नुभयो । ईयु ईओएमकी प्रमुख पर्यवेक्षकले आफूले भेटेका नागरिक समाजका प्रतिनिधि एवं आम मतदाताहरूबाट व्यक्त उच्च स्तरको प्रतिबद्धताबारे पनि प्रकाश पार्नुभयो ।

निर्वाचनका दिन ईयु ईओएमले युरोपियन युनियनका सबै २८ सदस्य राष्ट्रका साथै नर्वे र स्विट्जरल्यान्डका गरी १०० भन्दा बढी पर्यवेक्षकहरूलाई देशभर परिचालन गर्नेछ । सम्पूर्ण निर्वाचन प्रक्रियाको निष्पक्ष र वस्तुगत मूल्यांकन गर्ने यसको कार्यादेश रहेको छ । प्रमख पर्यवेक्षक इभा जोलीले निर्वाचनको दुईदिन पछि एउटा पत्रका सम्मेलनमा ईयु ईओएमको प्रारम्भिक निष्कर्ष प्रस्तुत गर्नुहुनेछ । नेपालमा भविष्यमा हुने निर्वाचनका लागि सिफारिससहित गरिएको बढी विस्तृत अन्तिम प्रतिवेदन दुई महिनाभित्र प्रकाशित गरिनेछ ।

*थप जानकारीका लागि सम्पर्क गर्नुहोस्:* ***प्रेस अधिकृत एबरहार्ड लौए***
*मोबाइल: +९७७ ९८०१ १०१९८६ इमेल: eberhard.laue@eueomnepal.eu*

हामीलाई www.facebook.com/EUEOM.Nepal.2013 मा like तथा
ट्विटरमा @eueomne मा follow गर्नुहोला ।

*European Union Election Observation Mission – Nepal 2013*
*Trade Tower, Ground floor, Thapathali, Kathmandu – Nepal*
*Tel: +977 (1) 5111 08 1/2/3 - Fax: +977 (1) 5111084*
*E-mail: info@eueomnepal.eu - Web: www.eueomnepal.eu*